# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, वैशाख २५ गते २०४८ साल (अतिरिक्ताङ्क५

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



## नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तर वृद्धि गर्न नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२८ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल कृषि अनुसन्धान परिषद् सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा १३ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. परिषद्को स्थापना: (१) कृषि क्षेत्रका समस्या पहिल्याई त्यसको निराकरणका उपायहरू पत्ता लगाउने प्रयोजनको लागि कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न गराउन नेपाल कृषि अनुसन्धान परिषद् स्थापना गरिएकोछ ।

(२) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. **परिषद् संगठित संस्था हुने:** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारवाहीका निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. **परिषद्को उद्देश्य:** परिषद्को उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।

(ख) कृषि क्षेत्रका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउने ।

(ग) राष्ट्रिय कृषि नीतिको तर्जुमाको लागि श्री ५ को सरकारलाई आवश्यक सहयोग पुऱ्याउने ।

६. **परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) राष्ट्रिय कृषि नीतिको अधिनमा रही कृषि सम्बन्धी विभिन्न क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।

(ख) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता तोक्ने ।

(ग) कृषि अनुसन्धान सम्बन्धमा परामर्श सेवा तथा अनुसन्धान सहयोग उपलब्ध गर्ने गराउने ।

(घ) नेपाल अधिराज्यमा भएका कृषि सम्बन्धी अनुसन्धान कार्यहरूको समन्वय, अनुगमन, समीक्षा एवं मूल्याङ्कन गर्ने गराउने ।

(ङ) कृषि सम्बन्धी अनुसन्धान कार्यहरूको अद्यावधिक अभिलेख राख्ने ।

(च) कृषि अनुसन्धानसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने गराउने ।

७. **कार्यकारी समितिको गठन:** (१) परिषद्को कार्य सञ्चालनको निमित्त देहाय बमोजिमका सदस्यहरू रहेको एउटा कार्यकारी समिति हुनेछ –





(क) कृषि मन्त्री – अध्यक्ष

(ख) सदस्य (कृषि क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग – सदस्य

(ग) सचिव, कृषि मन्त्रालय – सदस्य

(घ) डीन, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान – सदस्य

(ङ) सह-सचिव, अर्थ मन्त्रालय – सदस्य

(च) महानिर्देशक, वन विभाग – सदस्य

(छ) कृषक, कृषिजन्य उद्यमी र कृषि वैज्ञानिकहरू मध्येबाट एक-एक जना गरी श्री ५ को सरकारबाट मनोनित तीन जना – सदस्य

(ज) कार्यकारी निर्देशक –सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनित हुन सक्नेछन् ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

८. **समितिको बैठक:** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरू समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार:** (१) परिषद्ले गर्नुपर्ने सम्पूर्ण काम समितिले गर्नेछ ।

(२) समितिले आफ्नो अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा परिषद्को कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

१०. **उप-समिति गठन गर्न सक्ने:** (१) समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उप-समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

११. परिषद्को कोष: (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को कोषमा देहायका रकमहरू रहनेछन् :–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने अनुदान रकम,

(ग) अनुसन्धान कार्य वा परामर्श सेवा गरे गराए बापत प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट अनुदान लिंदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्लाई प्राप्त हुने सबै रकम नेपाल अधिराज्य भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्द्वारा गर्नु पर्ने सबै खर्चहरू उप-दफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१२. लेखा र लेखापरीक्षण: (१) परिषद्को आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ ।

१३. कार्यकारी निर्देशक: (१) परिषद्को प्रशासकीय प्रमुखको रूपमा एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) श्री ५ को सरकारले कार्यकारी निर्देशकको पदमा कृषि सम्बन्धी विषयमा स्नातक भएको र कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यमा कम्तिमा दश वर्षको अनुभव प्राप्त वरिष्ठ कृषि विज्ञलाई नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः अवधि चार वर्षको लागि नियुक्त हुन वा तोकिन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।





१४. परिषद्को कर्मचारी: (१) परिषद्को कार्य संचालनको निमित्त समितिले आवश्यक कर्मचारीहरू तोकिए बमोजिम नियुक्त गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने: परिषद्ले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीना भित्र श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने: श्री ५ को सरकारले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

१७. श्री ५ को सरकारसँग सम्पर्क: परिषद्ले श्री ५ को सरकारसँग सम्पर्क राख्दा कृषि मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८. परिषद्को विघटन : (१) कुनै मनासिब कारण भएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परिषद्लाई विघटन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को हक र दायित्व श्री ५ को सरकारमा सर्नेछ ।

१९. विनियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मिति:– २०४८।१।२५।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असार २१ गते २०५० साल ( संख्या १२

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले वित्त कम्पनी ऐन, २०४२ को दफा २ को खण्ड (ढ) को प्रयोजनको लागि कम्पनी रजिष्ट्रारको कार्यालयलाई विभाग तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

खण्ड ३९, संख्या ३७ मिति २०४६।६।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,<br>
ठाकुरनाथ पन्त<br>
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको

### सूचना १

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी समितिको सदस्यमा देहायबमोजिम हेरफेर गरेको छ।

(च) डीन, वन विज्ञान अध्ययन संस्थान– स...

(छ) कृषक र कृषिजन्य उद्यमी र कृषि वैज्ञानिकहरूबाट दुई-दुई जना गरी श्री ५ को सरकारबाट मनोनीत छ जना– सदस्य

### सूचना २

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी समितिमा देहायबमोजिम खण्ड (झ) थप गरी सदस्यहरूमा थपघट गरेको छ।

(झ) महानिर्देशक, कृषि विकास विभाग– सदस्य

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव





# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका का. मु. सचिव श्री पुरुषोत्तम भट्टराई श्री ५ को सरकार (मं.प.) को मिति २०५०।१।७ को निर्णयानुसार साइप्रस सरकारको निमन्त्रणामा मिति २०५०।३।६ गतेदेखि त्यस तर्फ प्रस्थान गर्नु भएको हुँदा हाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मणप्रसाद उपाध्यायलाई मिति २०५०।३।६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

नेपाल राजपत्र भाग ५ खण्ड ४३, संख्या ११ मिति २०५०।३।१४ को कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचनामा देहायबमोजिम भूलसुधार गरिएको छ।

१. Article 5 को दफा (२) को छैठौं लाइनमा "applied to the extent" र
२. Article 8 को दफा (१) को छैठौं लाइनमा "on 18 March. 1965" हुनु पर्नेमा अन्यथा हुन गएको।

मुद्रण विभाग।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौं फागुन ३ गते २०५३ साल (अतिरिक्ताङ्क ५६


## भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. २८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल कृषि अनुसन्धान परिषद् (पहिलो संशोधन) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा २ मा संशोधन : नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएकोछ :-

"(ङ१) "राष्ट्रिय कृषि नीति" भन्नाले राष्ट्रिय योजना आयोगबाट तय गरिएको दीर्घकालीन कृषि योजना तथा पञ्चवर्षीय योजनामा समावेश भएको कृषि योजनालाई कार्यान्वयन गर्न श्री ५ को सरकारले प्रकाशमा ल्याएको कृषि सम्बन्धी नीति सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-

"(ख) कृषि उत्पादन वा गुणस्तर बढाउनको लागि कृषि क्षेत्रका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा सीपहरुको खोजपूर्ण अध्ययन गर्ने ।"





४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएकोछ :-

"६. परिषद्को गठन : (१) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) कृषि मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(ख) सदस्य, (कृषि क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग - सदस्य

(ग) सचिव, कृषि मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(च) सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(छ) सचिव, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य

(ज) डीन, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान - सदस्य

(झ) परिषद्मा कार्यरत अनुभवी कृषि वैज्ञानिकहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एकजना - सदस्य

(ञ) कृषि अनुसन्धानको क्षेत्रमा योगदान पुऱ्याई सम्बन्धित संस्थामा कार्यरत वैज्ञानिकहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुई जना - सदस्य

(ट) प्रतिष्ठित व्यावसायिक कृषक वा परिषद्को सेवाबाट निवृत्त वैज्ञानिकहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत दुई जना - सदस्य

(ठ) कृषि क्षेत्रमा संलग्न उद्यमीहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना - सदस्य

(ड) कृषि अनुसन्धानको क्षेत्रमा गैर सरकारी संघ संस्थामा संलग्न व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना - सदस्य

(ढ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुन: मनोनीत हुन सक्नेछन् ।





(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी परिषद्का सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।"

५. मूल ऐनमा दफा ६क. र ६ख. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. र ६ख. थपिएकाछन् :-

"६क. परिषद्को बैठक : (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र परिषद्को अध्यक्षको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कुराहरु परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६ख. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय कृषि नीतिको अधीनमा रही कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक नीति निर्माण गर्ने ।

(ख) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता तोक्ने ।

(ग) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

(घ) परिषद्को कार्यालयको संगठनको ढाँचा र कर्मचारी दरबन्दी स्वीकृत गर्ने ।

(ङ) नेपाल अधिराज्यमा भएका कृषि सम्बन्धी अनुसन्धान कार्यहरुको समीक्षा गर्ने ।

(च) कृषि सम्बन्धी समस्याहरुको पहिचान गरी राष्ट्रिय कृषि नीति तर्जुमा गर्न श्री ५ को सरकारलाई सुझाव दिने ।

(छ) समितिलाई आवश्यक निर्देशन दिने ।"

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. कार्यकारी समितिको गठन : (१) परिषद्को कार्य संचालनको निमित्त देहाय बमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति हुनेछ :-

(क) कार्यकारी निर्देशक, - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य





(ग) सहसचिव, कृषि मन्त्रालय - सदस्य

(घ) सहसचिव, (कृषि क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग - सदस्य

(ङ) महानिर्देशक, कृषि विभाग - सदस्य

(च) महानिर्देशक, पशु सेवा विभाग - सदस्य

(छ) परिषद्को क्षेत्रीय स्तरका कार्यालय प्रमुखहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एकजना - सदस्य

(ज) परिषद्को कार्यक्रम निर्देशकहरु मध्येबाट कार्यकारी निर्देशकले मनोनीत गरेको एकजना - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएकोछ :-

"९. समितिको काम, कर्तव्य र अधिकार : परिषद्ले दिएको नीति निर्देशनको अधीनमा रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्ले दिएको नीति निर्देशनको अधीनमा रही कृषि सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने, गराउने ।

(ख) परिषद्ले दिएको नीति निर्देशनको अधीनमा रही कृषि सम्बन्धी अध्ययन र अनुसन्धान गर्न आवश्यक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि परिषद्मा पेश गर्ने ।

(ग) कृषि अनुसन्धान सम्बन्धमा आवश्यक परामर्श सेवा तथा अनुसन्धान सहयोग उपलब्ध गराउने ।

(घ) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यहरुको तथ्यांक तथा प्रतिवेदनहरु अद्यावधिक राख्ने ।

(ङ) परिषद्ले दिएका निर्देशनहरुको पालना गर्ने, गराउने ।

(च) कृषि अनुसन्धानसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने ।"

८. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (१) मा रहेको "समितिले" भन्ने शब्दको अगाडि "परिषद् वा" भन्ने शब्दहरु थपिएकाछन् ।





९. मूल ऐनमा दफा १०क. थप : मूल ऐनको दफा १० पछि देहायको दफा १०क. थपिएकोछ :-

"१०क. अधिकार प्रत्यायोजन : (१) परिषद्ले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार परिषद्का अध्यक्ष, परिषद्का सदस्य, समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा समितिको कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

१०. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) परिषद्को आय व्ययको लेखा व्यावसायिक लेखा प्रणाली बमोजिम राखिनेछ ।"

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएकोछः-

"१३. कार्यकारी निर्देशक : (१) परिषद्को प्रशासकीय प्रमुखको रुपमा एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशकको नियुक्तिको लागि श्री ५ को सरकार समक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) सचिव, कृषि मन्त्रालय ।

(ख) श्री ५ को सरकारले तोकेको परिषद्का सदस्य बाहेकका दुईजना लब्ध प्रतिष्ठित कृषि वैज्ञानिकहरु ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले कृषि अनुसन्धान परिषद् अन्तर्गत कार्यरत सक्षम र वरिष्ठ वैज्ञानिकहरु मध्ये तीनजना व्यक्तिहरुलाई कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ र श्री ५ को सरकारले ती व्यक्तिहरु मध्येबाट एकजनालाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

तर परिषद्मा कार्यरत वैज्ञानिकहरु मध्ये उक्त पदमा नियुक्तिको लागि उपयुक्त व्यक्ति उपलब्ध हुन नसकेमा सो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(४) कार्यकारी निर्देशकको पदको लागि सिफारिस हुने व्यक्तिहरुको योग्यता देहाय बमोजिमको हुनु पर्नेछ :-

(क) कृषि सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यको कम्तीमा दश वर्ष अनुभव भएको ।

(ख) कृषि अनुसन्धान सम्बन्धी विषयमा कृतिहरु प्रकाशन गरेको ।

(५) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः चार वर्षको लागि नियुक्त हुन सक्नेछ ।

तर निजको कार्य सन्तोषजनक नभएमा परिषद्को सिफारिसमा श्री ५ को सरकारले निजको





पदावधि सकिनु अघि नै निजलाई पदबाट हटाउन सक्नेछ ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

लालमोहर सदर मिति:- २०५३।११।३६

आज्ञाले,
विनोदकुमार देवकोटा
श्री ५ को सरकारको का.मु. सचिव